आकाशवाणी समाचार- नेपाली

मितिः १६ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

1. प्रधान मन्त्री नरेन्द्र मोदीले पूर्वी भारतको विकास, विकसित भारतको दृष्टिकोणको केन्द्रबिन्दु रहेको र केन्द्र सरकार यस लक्ष्यका लागि निरन्तर काम गरिरहेको बताउनु भयो।

2. प्रधान मन्त्री नरेन्द्र मोदीले पूर्वी भारतको विकास, विकसित भारतको दृष्टिकोणको केन्द्रबिन्दु रहेको तथा केन्द्र सरकार यस लक्ष्यका लागि निरन्तर काम गरिरहेको बताउनु भयो ।

3. गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा छुट्टै राज्य गोर्खाल्याण्ड र गोर्खाहरुको स्थायी राजनैतिक समाधान एंव संवैधानिक व्यवस्था विषयमा खरसाङमा संगोष्ठी सम्पन्न भएको छ।

4. कवि ज्ञानेन्द्र खतिवड़ालाई १५औँ बद्रीनारायण प्रधान स्मृति पुरस्कारद्वारा अलङ्कृत गरियो।

5. आज विविध सांस्कृतिक तथा धार्मिक कार्यक्रमका साथ सोनाम ल्होछार पर्व मनाउँदै छ ।

**प्रधानमंत्री - पश्चिम बंगाल 01**

प्रधान मन्त्री नरेन्द्र मोदीले पूर्वी भारतको विकास, विकसित भारतको दृष्टिकोणको केन्द्रबिन्दु रहेको तथा केन्द्र सरकार यस लक्ष्यका लागि निरन्तर काम गरिरहेको बताउनु भयो । हिजो साँझ पश्चिम बङ्गालको हुगली जिल्लाको सिंगुरमा ८३० करोड रुपैयाँभन्दा अधिकका विकास परियोजनाहरूको शुभारम्भ पछि एक जनसभालाई सम्बोधन गर्दै प्रधान मन्त्रीले यस्तो बताउनु भयो । श्री मोदीले भन्नुभयो, पश्चिम बङ्गालमा पूर्वाधार र संपर्क सुदृढ गर्न सयौं करोडका परियोजनाहरू कार्यान्वयन भइरहेका छन्। यस्तै प्रधानमन्त्रीले बालागढमा **विस्तारित बंदरगाह द्वार प्रणाली**को शिलान्यास गर्नुभयो, जसमा अंतर्देशीय जल परिवहन टर्मिनल र रोड ओभरब्रिज समावेश छ। लगभग 900 एकडमा फैलिएको यस सुविधालाई प्रति वर्ष 27 लाख टन क्षमताको आधुनिक कार्गो ह्यान्डलिंग टर्मिनलको रूपमा परिकल्पना गरिएको छ। प्रधान मन्त्रीले भन्नुभयो, बन्दरगाह र अन्तर्देशीय जलमार्गसँग सम्बन्धित परियोजनाहरूले राज्यलाई उत्पादन, व्यापार र रसदको हबमा रूपान्तरण गर्न मद्दत गर्नेछ र रोजगारी पनि सिर्जना गर्नेछ। श्री मोदीले भन्नुभयो, यस परियोजनाले भारी कार्गो ट्राफिकलाई डाइभर्ट गरेर कोलकातामा भीडभाड कम गर्ने, रसद दक्षतामा सुधार गर्नेछ र हुगली र वरपरका क्षेत्रहरूका लागि नयाँ आर्थिक अवसरहरू खोल्नेछ।

प्रधान मन्त्रीले हुगली नदीको किनारमा पर्यावरण-अनुकूल शहरी नदी यातायात र पर्यटनलाई बढावा दिन कोलकातामा अत्याधुनिक इलेक्ट्रिक क्याटामरैनको पनि उद्घाटन गर्नुभयो।

**अमृत भारत एक्सप्रेस**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो तीन नयाँ अमृत भारत एक्सप्रेस रेललाई हरियो झण्डा देखाएर राष्ट्रलाई समर्पित गर्नुभयो । भिडियो कन्फ्रेन्समार्फत गरिएको यो शुभारंभसँगै पश्चिम बङ्गालदेखि दक्षिण, उत्तर र पूर्वी भारतसम्म रेल सम्पर्कले नयाँ गति लिएको छ। प्रधान मन्त्रीले उद्घाटन गरेका रेलहरूमा सन्तरागाछी-ताम्बरम, हावडा-आनन्द विहार र सियालदह-बनारस अमृत भारत एक्सप्रेस समावेश छन्। यी ट्रेनहरूको सञ्चालनले पश्चिम बंगाल, तमिलनाडु, उत्तर प्रदेश र राष्ट्रीय राजधानी बीचको यात्रालाई अझ सजिलो बनाउनेछ। सो अवसरमा प्रधानमन्त्रीले जयरामबाटी–मयनापुर (१५ किलोमिटर) नयाँ रेलमार्गको उद्घाटन गर्नुका साथै नयाँ रेलको

उद्घाटन पनि गर्नुभयो। यो रेल लाइनले क्षेत्रीय संपर्क बढाउनुका साथै स्थानीय विकासलाई गति दिनेछ। रेल मन्त्रालयका अनुसार अमृत भारत एक्सप्रेस ट्रेनहरू आधुनिक सुविधाहरूले सुसज्जित छन्, जसको उद्देश्य मध्यम वर्ग र सामान्य यात्रुहरूलाई सस्तो, सुरक्षित र आरामदायक यात्रा प्रदान गर्नु हो। यी ट्रेनहरूमा उन्नत कोचहरू, उन्नत सिट व्यवस्था र यात्रुहरूको सुविधामा विशेष ध्यान दिइएको छ।

संतरागाछी स्टेशनमा आयोजित कार्यक्रममा रेल राज्य मन्त्री रवनीत सिंह, रेलवे बोर्डका चेयरमैन तथा सीईओ सतीश कुमार, दक्षिण पूर्वी रेलवेका महाप्रबन्धक अनिल कुमार मिश्रा र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। खडगपुर र बालासोर स्टेशनहरूमा स्थानीय जनप्रतिनिधि र नागरिकहरूले नयाँ रेललाई उत्साहपूर्वक स्वागत गरे।

यी नयाँ सेवाले अन्तरराज्यीय संपर्क मात्र नभएर व्यापार, पर्यटन र रोजगारीका अवसर पनि बढाउनेछ। अमृत भारत एक्सप्रेसको सुरुवातलाई देशको रेल आधुनिकीकरण अभियानमा एक महत्त्वपूर्ण कदम मानिन्छ।

**प्रधानमंत्री - पश्चिम बंगाल**

प्रधान मन्त्री नरेन्द्र मोदीले सिंगुरमा एक जनसभालाई सम्बोधन गर्नुहुदै केन्द्र सरकार पश्चिम बङ्गालका युवा, किसान र महिलाहरूको कल्याणको लागि निरन्तर प्रयासरत रहेको बताउनु भयो। उहाले भन्नुभयो केन्द्रले शुरू गरेका विभिन्न कल्याणकारी योजनाहरूको उद्देश्य राज्यभरि जीविकोपार्जनमा सुधार ल्याउनु र रोजगारीका अवसरहरू सिर्जना गर्नु हो। यसका साथमा श्री मोदीले राज्य सरकारले केन्द्रीय योजनाहरूको कार्यान्वयनमा बाधा पुर्याइरहेको तथा जसका कारण यसको लाभ जनतासम्म पुग्न नसकिरहेको आरोप लगाउनु भयो। यसका साथमा प्रधानमन्त्रीले राजनीतिक मतभिन्नताभन्दा माथि उठेर नागरिकका आवश्यकतामा केन्द्रित भएर विकास पहलमा जोड दिनुपर्ने बताउनु भयो।

यता प्रधानमन्त्री नरेन्द्र मोदीले सिंगुरबाट बङ्गालमा परिवर्तनको आह्वान गरेपछि तृणमूल कांग्रेसबाट कडा प्रतिक्रिया आएको छ। तृणमूल कांग्रेसका महासचिव अभिषेक बनर्जीले चापड़ामा एक कार्यक्रममा प्रधानमन्त्रीको बयानप्रति प्रतिक्रिया दिँदै भन्नुभयो 'भाजपाका नेताहरू परिवर्तन हुनेछ तर, बंगालमा सरकार होइन। अभिषेक बनर्जीले बंगालमा सत्ता परिवर्तनको कुनै प्रश्न नै नरहेको भन्दै सीधै चुनौती दिनुभयो। उहाले चुनाव परिणामपछि मोदीजीले पनि 'जय बांग्ला' भन्नुपर्ने अवस्था आउने दाबी गर्नुभयो। प्रधानमन्त्री मोदीको बयान र अभिषेक बनर्जीको प्रतिक्रियापछि राज्यको राजनीतिमा राजनीतिक बयानबाजी तीव्र भएको छ। भाजपाले बंगालमा सत्ता परिवर्तनको दाबी गरिरहेको छ भने तृणमूल कांग्रेसले विश्वासका साथ सत्तामा वापसीको कुरा गरिरहेको छ।

**पूर्ण बहुमत**

दार्जिलिङका सांसद राजु बिष्टले २०२६ को बिधान सभा चुनावमा पश्चिम बंगालमा परिवर्तन साथै पूर्ण बहुमतको साथमा भारतीय जनता पार्टीको सरकार बनिने दावी गर्नुभयो। उहाले भाजपाको जन्म राष्ट्रिय हितको निम्ति भएको बताउँदै यसले हालसम्म धैरै जनमुखी अनि विकसमुलक कार्यहरू गर्दै आएको बताउनु भयो भने भाजपाले गठबन्धनमा रहेका कुनै पनि पार्टी चुनावी चलखेलको लागि गठबन्धनमा नरहेको बताउँदै आपसी साझेदारी अनि गोर्खाहरुको एकता झल्काउने उद्देश्यले गठबन्धन रहेको बताउनु भयो।

**खरसाङ-संगोष्ठी**

गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा छुट्टै राज्य गोर्खाल्याण्ड र गोर्खाहरुको स्थायी राजनैतिक समाधान एंव संवैधानिक व्यवस्था विषयमा खरसाङमा संगोष्ठी सम्पन्न भएको छ। संगोष्ठीमा गोजमुमो अध्यक्ष बिमल गुरुङको साथमा आसाम लगायत विभिन्न स्थानहरुबाट आएका बुध्दीजीवि र वक्ताहरुले वक्तव्य राखेका थिए। खरसाङको पार्क लोकेशनस्थित सार्वजनिक भवनमा सम्पन्न संगोष्ठीको शुरुमा महात्मा गान्धीको तस्वीरमा धुप दीप प्रज्ज्वलन गरी थालिएको थियो भने स्वागत सम्भाषण गोर्खा जनमुक्ति मोर्चा खरसाङ महकुमा समितिको महासचिव रोहित स्याङ्बोले राखेका थिए। संगोष्ठीमा वक्ताहरुले पहाडमा संवैधानिक व्यवस्था कुन सठीक रहने भन्ने विषयमा साथै छुट्टै राज्य गोर्खाल्याण्ड, जनजातिको मुद्दा, इन्टरलोक्युटर लगायतका विषयहरुमा चर्चा परिचर्चा गरेका थिए। सरकारले संवैधानिक व्यवस्था दिन तयार रहेको र यसको लागि कुन सठीक रहन्छ र कुन संवैधानिक व्यवस्थालाई स्वीकार गर्नु पर्ने भन्ने विषयमा पनि चर्चा परिचर्चा गरिएको छ।

**१५औँ बद्रीनारायण प्रधान स्मृति पुरस्कार**

पश्चिम डुवर्सको बाग्राकोटमा हिजो एक भव्य समारोहबीच कवि ज्ञानेन्द्र खतिवड़ालाई १५औँ बद्रीनारायण प्रधान स्मृति पुरस्कारद्वारा अलङ्कृत गरियो। साहित्यकार बद्रीनारायण प्रधानको नाममा गठित बद्रीनारायण प्रधान स्मृति प्रतिष्ठानले यो पुरस्कार अर्पण गरेको हो। पुरस्कारमा अङ्ग-वस्त्र, सम्मान-पत्र र नगद राशि २१ हजार रुपियाँ सम्मिलित रहेको छ। **पुरस्कार चयन समितिका संयोजक डा. मोहन पी. दाहालको अध्यक्षतामा आयोजित समारोहमा मुख्य अतिथिका रूपमा साहित्यकार तथा दार्जीलिङ हिल युनिभर्सिटीकी कुलसचिव (रेजिस्ट्रार) डा. सुजाता रानी राई उपस्थित थिइन्। यस अवसरमा वरिष्ठ कवि तथा उत्तर बङ्गाल विश्वविद्यालय, नेपाली विभागका अध्यक्ष डा. सञ्जय बान्तवा, वरिष्ठ साहित्यकार युवराज काफ्ले, वरिष्ठ अनुवादक अनमोल प्रसाद, वरिष्ठ साहित्यकार एम.एन. दाहाल, वरिष्ठ लेखक गोपालसिंह विश्व, डुवर्स नेपाली साहित्य विकास समितिका अध्यक्ष अबीर खालिङ आदि अतिथिका रूपमा उपस्थित थिए।**

****** ० ******